आर्थिक वर्ष २०८२/०८३

# बार्षिक प्रगति प्रतिवेदन

**सान्नीत्रिवेणी गाउँपालिका मेहलमुडी,**

**कालीकोट**

वार्षिक प्रगति प्रतिवेदन समीक्षाका

संयोजकः- प्रेम बहादुर बडुवाल प्रमुख प्रशासकीय अधिकृत

सदस्यः- प्रकाश कुमार के.सी. प्रशासन शाखा प्रमुख

सदस्यः-प्रकाश बराल सूचना प्रविधी अधिकृत

## १. पृष्ठभूमी :

नेपाल एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट संघिय लोकतान्त्रिक गणतान्त्रिक मुलुकको रुपमा रुपान्तरित भएको छ। संघीय व्यवस्था अनुसार नेपालमा संघ, प्रदेश र स्थानिय तहको गठन भएको छ, जसमा कालीकोट जिल्लामा ९ स्थानिय तहको गठन भएको छ । सान्नीत्रिवेणी गाउँपालिका कालीकोट जिल्ला कर्णाली प्रदेशमा अवस्थित छ । भौगोलिक रुपमा पश्चिम नेपालको पहाडमा अवस्थित १३६.७१ वर्ग कि.मी को विशाल क्षेत्रफलमा फैलिएको यो गाउँपालिकाको जनसंख्या १३,४९१ रहेको छ । स्थानियवासीहरुलाई सर्वसुलभ ढंगले सेवा उपलब्ध गराउन यो गाउँपालिकालाई जम्मा ९ वटा वडामा विभाजन गरिएको छ । पूर्वमा राष्कोट नगरपालिका र पश्चिममा नरहरिनाथ गाउँपालिका र उत्तरमा बाजुरा जिल्लाका त्रिवेणी गाउँपालिका र स्वामी खापर गाउँपालिका दक्षिणमा हुम्ला कर्णाली नदी रहेका छन् ।

नेपालको संविधान २०७२ स्थानिय सरकार संचालन ऐन २०७४, नेपाल सरकार तथा प्रदेश नं. ५ को सरकारले निर्दिष्ट गरेको निति, आर्थिक कार्यविधि ऐन २०५५ तथा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट प्राप्त निति निर्देशन पन्ध्रौं आवधिक योजना, दिगो विकास लक्ष्य, सार्वजनिक खर्चको मितव्ययिता र प्रभावकारीकता कायम गर्ने सम्बन्धी नीतिगत मांगदर्शन, २०७५, आदि नीति नियमले यो चौमासिक प्रगति प्रतिवेदन प्रस्तुत तथा समिक्षा गर्ने कार्यलाई आधार स्तम्भ मिलेको छ।

नेपालको संविधानले राज्यको पुनसंरचना गरि संघ, प्रदेश र स्थानिय तहमा अधिकारको बाँडफाड गरेपछि आफ्नो भौगोलिक सीमा भित्र संविधानको अनुसूचि वमोजिमका अधिकारहरुको प्रयोग गर्न सकिने संवैधानिक

व्यवस्था अनुसार स्थानिय तहको समग्र विकास र जनताको जिवनस्तरमा आशातीत सुधार ल्याउने उद्देश्यका साथ सान्नीत्रिवेणी गाउँपालिका योजनावद्ध ढंगले अगाडी बढिरहेको अवस्था छ ।

गाउँपालिका बाट हुने सेवा प्रवाहको प्रभावकारीता र गुणस्तरियताकोप्रतिविम्ब प्रत्यक्ष सेवा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरुको कार्यदक्षता तथा कार्यशैलीमा देखिने गर्दछ । योजनावद्ध आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणय आदि विकासको परिकल्पनालाई सारभूत तुल्याउन यो आ.व.२०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदनले ठूलो टेवा पुयाउने तथा जन निर्वाचित जन प्रतिनीधिहरुलाई समेत थप उत्साह र जोशका साथ विकास कार्यमा अगाडि बढ्ने प्रेरणाको आधार स्तम्भको रुपमा यो प्रगति प्रतिवेदन रहने छ ।

२. उद्देश्यहरु :

- गाउँपालिकाबाट आ.व.२०८२/०८३ मा भएका कार्यहरुको प्रगतिलाई आधार मानि थप भविष्यका योजनाहरु निर्माण गर्नु ।
- जनताको सूचनाको हक अधिकारलाई प्रत्याभूत तुल्याउनु र सार्वजनिक सेवाप्रवाहलाई जनमैत्री, पारदर्शी, जनउत्तरदायी बनाउनु ।
- कार्यालयको कार्यसम्पादनसँग सम्बन्धित विषयमा के, कति, कहिले ईत्यादि बारे सुपरिवेक्षण गर्नु ।
- निधित समयमा कार्यसम्पादन विश्लेषण गरि तय गरिएका लक्ष्यसँगको फरक पत्ता लगउनु र आगामी कार्यसम्पादनमा सुधार गर्नु ।

३. सकरात्मक पक्षहरु :

- जनमैत्री सेवाप्रवाहको लागी आवश्यक संस्थागत र संरचनागत पक्षहरुलाई प्राथमिकतामा राखिएको।
- सूचना प्रविधिलाई उच्च प्राथमिकता दिइने गरिएको ।
- नागरिक वडापत्रको व्यवस्था गरिएको ।
- सूचना हक कार्यन्वयनको लागी सूचना प्रवक्ताको व्यवस्था गरिएको ।
- सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउन मासिक/चौमासिक कर्मचारी बैठक/समीक्षा गर्ने गरिएको।

४. सीमाहरु :

- यो प्रतिवेदनले वि.स २०८२ साल श्रावण १ गते देखि २०८३ साल असार मसान्त सम्म आ.व. २०८२/०८३ मा भएको कार्यलाई मात्र समेटेको छ ।
- यो प्रतिवेदनले गाउँपालिकाले गरेका कार्यक्रमको प्रगति प्रतिवेदनलाई मात्र समेटेको छ ।

## ५. आर्थिक वर्ष २०८१/०८२ को २०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्म सम्मको शाखागत कार्यको प्रगति विवरण:

सान्नीत्रवेणी गाउँपालिकाको आ.व २०८२/०८३ को गाउँसभाले पारित गरेको नीति बजेट तथा कार्यक्रमको अधिनमा रहि यस गाउँपालिकाका हरेक बडा तथा शाखाले नियमानुसार आफ्नो आफ्नो कार्यहरु गरेका छन । जसमा मुख्य शाखागत रुपमा भएका प्रगतिहरु देहाय बमोजिम छन् ।

### प्रशासन शाखा :

- सान्नीत्रिवेणी गाउँपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत करार तथा ६६ जना कर्मचारीहरुको अर्धबार्षिक का.स.मु. मुल्याङ्कन गरिएको ।
- करार सेवामा अधिकृत स्तरको कर्मचारी १ जना सहायक पदमा १ जना नयाँ नियुक्ति गरिएको ।
- ऐतिहासिक १७ औं गाउँसभामा र १८ औ गाउँसभा हिउँदे अधिवेशनमा आवश्यक सहजिकरण गरिएको ।
- कार्यालयमा दैनिक रुपमा प्राप्त भएका पत्र/निवेदनहरुलाई दर्ता तथा चलानी
- बिभिन्न कार्यालयहरुमा आवश्यकता बमोजिमका पत्रहरु प्रेषित गरिएको ।
- कर्मचारीहरुको द्रोस्रो त्रैमासिकको हाजिरी प्रतिबेदन अध्यावधिक गरिएको ।
- नियमित कर्मचारी बैठक सम्पन्न गरिएको ।

### सूचना प्रविधि शाखा:-

- विकास भइसकेको प्रणालिहरुको सुधार तथा परिमार्जन सम्बन्धी कार्य गरिएक
- नेटवर्किङ इन्टरनेट वाइफाइको कनेक्टिभिटि सिसिटिभि आदिको व्यवस्थापन
- वेभसाइट तथा इमेल व्यवस्थापन गरिएको ।
- सन्चालित विभिन्न प्रणालि सन्चालनमा आइपर्ने समस्याहरुको समाधान गरिएक
- सूचना प्रविधि सम्बन्धी हार्डवेयर तथा सफ्टवयेर सपोर्ट गरिएको ।
- सूचना प्रविधि उपकरण तथा प्रणालीको मर्मत सम्भार सम्बन्धी कार्य गरिएको
- सूचना प्रविधि सम्बन्धी अन्य आवश्यक कार्यहरु गरिएको ।
- गाउँपालिकाबाट विभिन्न कार्यालय तथा मन्त्रालयहरु गरिने पत्राचार गरिएको
- सामाजिक सञ्जाल तथा वेवसाईटमा कार्यपालिकाको निर्णयहरु, गाउँपालिका का सूचनाहरु, शाखागत प्रतिवेदनहरु राखी प्रचार तथा सार्वजनिक गरिएको ।

**<u>शिक्षा शाखाः</u>**

- गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूका लागि मासिक तलबभत्ता, विद्यार्थी दिवा खाजा, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान, प्रति विद्यार्थी प्रति लागत अनुदान, इन्टरनेट अनुदान र पाठ्यपुस्तक अनुदानलगायतका विभिन्न खर्च रकम विद्यालयको खातामा समयमै निकासा पठाई कार्यान्वयन गरिएको।
- सामुदायिक विद्यालयहरूको आर्थिक वर्ष २०८१/०८२ को आर्थिक कारोबारको लेखापरीक्षण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (झ) को बुँदा नं. २१ बमोजिम प्राप्त अधिकार प्रयोग गरी विद्यालयहरूको लेखापरीक्षण कार्य सम्पन्न गरिएको।
- शैक्षिक सत्र २०८२ का सम्पूर्ण स्थायी शिक्षकहरूको तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक), काठमाडौंमार्फत प्रमाणित गरी अभिलेख राखिएको।
- आर्थिक वर्ष २०८१/०८२ का स्थायी शिक्षकहरूको सम्पत्ति विवरण राष्ट्रिय किताबखाना (शिक्षक), काठमाडौमा पेश गरिएको तथा अस्थायी करार शिक्षकहरूको सम्पत्ति विवरण गाउँपालिकामा दर्ता गरी अभिलेख राखिएको। साथै आर्थिक वर्ष २०८२/०८३ को सम्पत्तिगाउँपालिकामा दर्ता गरी अभिलेख राखिएको। साथै आर्थिक वर्ष २०८२/०८३ को सम्पत्ति विवरण संकलनका लागि विद्यालयहरूलाई सूचना दिई प्रक्रिया अगाडि बढाइएको।
- शैक्षिक सत्र २०८२ मा प्राथमिक तृतीय श्रेणीका २७ जना, प्रायमिक द्वितीय श्रेणीका ७ जना, निम्न माध्यमिक द्वितीय २ जना निम्न माध्यमिक तृतीय श्रेणीका ९ जना, माध्यमिक तृतीय श्रेणीका ३ जना गरी जम्मा ४८ जना स्थायी शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन सम्पन्न गरी शिक्षा विकास तथा समन्वय इकाइ, कालीकोटमा पेश गरिएको। साथै गाउँपालिकामा विद्यालयको दर्ता नं. र तह/श्रेणी अनुसार अभिलेख राखिएको।
- पालिका तथा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरी सफलतापूर्वक सम्पन्न गरिएको।
- माध्यमिक तहका विद्यालयका प्रधानाध्यापकहरूका लागि शैक्षिक गुणस्तर अभिवृद्धिसम्बन्धी अन्तरकिया कार्यक्रम शिक्षा विकास तथा समन्वय इकाइ, कालीकोट र गाउँपालिकाको समन्वयमा सञ्चालन गरी जावश्यक पृष्ठपोषण प्रदान गरिएको।
- ReAL Plan Pre/Post Test संचालन गरी गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा पालिकास्तरीय अन्तिम सञ्चालन गरिएको।

- गाउँपालिका अन्तर्गतका सम्पूर्ण माध्यमिक तथा केही आधारभूत विद्यालयहरूमा शिक्षा विकास तथा समन्वय इकाइ, कालीकोट तथा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत विधालयको शैक्षिक, भौतिक, आर्थिक तथा वातावरणीय पक्षको अनुगमन तथा निरीक्षण गरी आवश्यक पृष्ठपोषण प्रदान गरिएको।
- पालिकास्तरीय बाल प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरी उत्कृष्ट हुने विद्यालय तथा विद्यार्थीहरूलाई सम्मान तथा पुरस्कार वितरण गरिएको।
- EMIS अद्यावधिक, EMIS मा मार्क्स तथा आवश्यक विवरण प्रविष्टि, शिक्षक तालिम, प्रधानाध्यापक बैठक तथा गाउँ शिक्षा समितिका बैठकहरू नियमित रूपमा सञ्चालन गरिएको।
- एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम, एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) सम्बन्धी तालिम, गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरूमा विद्यालय उत्प्रेरणा कार्यक्रम संचालन तथा प्रधानाध्यापकहरूसँग नियमित छलफल र समन्वयमार्फत आवश्यक सहजीकरण गरिएको।
- शिक्षकको पेशागत विकास गर्ने उद्देश्यले शिक्षक मेन्टरिङ्ग तालिम संचालन गरिएको।

**<u>स्वास्थ्य शाखा:</u>**

आ.व. २०८२/०८३को दोस्रो त्रैमासिकमा मालिका गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुवाट जम्मा १२,२२२ जना सेवाग्राहीहरुले सेवा पाएका छन्, जसमध्ये महिला ६८०१ जना र पुरुष ५४२१ जना रहेका छन् ।८२४ जना ७० वर्ष माथीका ज्येष्ठ नागरिकहरुले सेवा लिएका छन् ।

- यस आ.व.मा ११ वटा खोप क्लिनिक/सेसनबाट १७१ जना लाई सेवा दिईएको छ । जसमध्ये १३३ जनाले वि.सि.जी. खोप लगाएका छन भने १६५ जना वालबालिकाहरुले पूर्णखोप पाएका छन्, साथै सोही सेसनमा संचालन भएको सरसफाई प्रवर्दन कार्यक्रमा १३७६ जना सहभागी भएका थिए ।
- यस आ.व.मा २९ जना महिला सामुदायीक स्वास्थ्य स्वयम् सेविकाहरुले ७७०८ जनालाई सेवा लिएका थिए ।
- यस आ.व.मा २ महिना मुनिका १६ जना र २ महिनादेखि ५ वर्षसम्मका ९२१ जना बालबालिकाहरुले सेवा लिएका छन् । जसमा ४०२ जना स्वासप्रस्वास र २०० जना झाडापखालाका बिरामी थिए ।
- पोपण सेवा अन्तर्गत ३९ जना नयाँ बालबालिकाहरुले पहिलो पटक बृद्दी अनुगमन गरेका छन् भने ० देखि ११ महिनाको १५१ जना र १२ देखि २३ महिनाको ९८ जना बालबालिकाहरुले दोहोर्याएर बुद्दी अनुगमन गरेका छन् ।

- यस आ.व.मा १४० जना गर्भवती महिलाहरुले पहिलो आईरन चक्की खाएका छन् भने १६१ जना गर्भवती महिलाहरुले १८० आईरन चक्की खाईसकेका छन् ।
- यस आ.व.मा सान्नीत्रिवेणी गाउँपालिका अन्तर्गतका ५ वटा वर्थिंग सेन्टरहरुवाट जम्मा ११४ जना सुत्केरी महिलाहरुले सेवा पाएका छन । जसमध्ये २० वर्षमुनिका ८ जना र २० वर्षमाथीका १०९ जना रहेका छन् । घरमा सुत्केरी हुने महिलाहरु ० जना रहेका छन् ।
- परिवार नियोजन सेवा अन्तर्गत १०३३० गोटा कन्डम वितरण गरिएको थियो, त्यस्तै पिल्स प्रयोगकर्ता १५ जना, डिपो प्रयोगकर्ता ३१० जना, ईम्प्लानट २९६जना, आई.यु.सी.डी ३१० जना रहेका छन् ।
- यस आ.व.मा क्षयरोगका ११७ जना विरामी थपिएका छन । पुरानो क्षयरोगीहरुले निरन्तर DOTS विधिबाट उपचार पाईरहेका छन् । भने २ जना विरामीले उपचार पुरा गरेका छन् ।
- यस आ.व.मा २३ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा लिएका छन् ।
- ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रमबाट १३९ जनाले सेवा पाइरेका छन् भन्ने २ जना रिफर भए अन्य अस्पातलबाट सेवा लिइरेका छन ।
- राष्ट्रिय भिटामिन ए र जुकाको औषधी विवरण कार्यक्रम वर्षमा २ पटक ६ महिना देखी ५ वर्ष सम्मका बालकालिकाहरूलाई महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाहरूबाट वैशाखमा भिटामिन ए ८२२ जुकाको औषधी खाने संख्या ७२९ जना रहेको छ ।
- जेठ महिनामा विद्यालयका सम्पूर्ण बालबालिकाकाहरूलाई जुकाको औषधी वितरण गरिएको थियो जसमा खाने संख्या भने वैशाखमा छात्रा ३२४० र छात्रा २५३६ जना रहेको छ ।
- १३ हप्ता खुवाउने गरी जम्मा १ जना २६ किशोरीहरूको संख्या पहिलो चरणमा १९१६ दोस्रो चरणमा १३१५ जना किशोरीहरूले आइरन र फोलिक चक्कि पाइरहेका छन ।
- सान्नीत्रिवेणी गाउँपालिकामा २०८१ साल श्रावण ०७ गते देखि ०९ गते सम्म ३ दिन संचालन भएको एकिकृत घुम्ति शिविर वाट स्वास्थ्य तर्फ विशेषज्ञ सेवा सहितको सेवामा सेवा पाएका

सेवाग्राहिहरुको विवरण

- ✓ आँखाको जाँच गरेका जम्मा संख्या ३०२ जना
- ✓ दन्त रोगको उपचार जम्मा संख्या ४०९ जना
- ✓ महिला रोग विशेषज्ञ सेवा प्राप्त गरेको संख्या ४३५ जना
- ✓ भि आई ए गरेका महिलाहरुको संख्या २२५ जना
- ✓ पाठेघर खसेका महिलाहरुको रिङप्रेसरी सेवा दिएको संख्या ११ जना, जम्मा १३८२ जना

✓ २०८१ फागुन १६ गते देखि २० गते सम्म संचालन भएको दादुरा रुवेला खोप अभियान २०८० को सान्नीत्रिवेणी गाउँपालिकाको लक्ष्य ९८७ जना १०० प्रतिशत ।

पशु सेवा शाखा:

**क) संघिय सशर्त अनुदान तर्फको बिनियोजित बजेट तथा कार्यक्रम**

| क्र.स | कार्यक्रम | जम्मा बजेट रु | प्रगति विवरण |
|---|---|---|---|
| १. | आकस्मिक/महामारी रोग नियन्त्रण कार्यक्रम | १,००,००० | सम्पन्न भइसकेको। |

**ख) कर्णाली प्रदेश विशेष अनुदान (कृषि तथा पशु पकेट) तर्फको बिनियोजित बजेट तथा कार्यक्रम**

| क्र.स | कार्यक्रम | जम्मा बजेट रु | प्रगति विवरण |
|---|---|---|---|
| १. | व्यवसायिक पशुपन्छी पालन (गाई, बाख्रा, कुखुरा) कार्यक्रम | ७,००,००० | सम्पन्न भइसकेको। |
| २. | गोठ सुधार तथा नश्ल सुधार कार्यक्रम | ८,००,००० | सम्पन्न भइसकेको। |

**ग) समानीकरण तर्फको विनियोजित बजेट तथा कार्यक्रम**

| क्र.स | कार्यक्रम | जम्मा बजेट रु | प्रगति विवरण |
|---|---|---|---|
| १. | पशुपन्छी उपचारात्मक सेवा कार्यक्रम | ७,००,००० | सम्पन्न भइसकेको। |
| २. | पशुपन्छी व्यवसाय सम्बन्धि तालिम संचालन कार्यक्रम | १,००,००० | सम्पन्न भइसकेको। |
| ३. | पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम | ४,००,००० | सम्पन्न भइसकेको। |

➢ संघिय सशर्त अनुदान तर्फको **आकस्मिक/महामारी रोग नियन्त्रण कार्यक्रम** अन्तर्गत यस पशुपन्छी विकास शाखाले कुकुर/बिरालोको टोकाई बाट हुने रेबिज रोगको जोखिम न्यूनीकरण गर्न ३०० डोज रेबिज खोप र अन्य महामारीजन्य रोग नियन्त्रण गर्न आवश्यक औषधिहरु खरिद गरेको

थियो। रेबिज खोप विभिन्न वडामा रहेका घरपालुवा र सामुदायिक कुकुर/विरालोमा लगाइएको थियो जसबाट २४२ घरधुरी प्रत्यक्ष लाभान्वित भएका थिए।

- कर्णाली प्रदेश विशेष अनुदान (कृषि तथा पशु पकेट) तर्फको **गोठ सुधार तथा नश्ल सुधार कार्यक्रम** अन्तर्गत ३ वटा व्यक्तिगत फर्म छनौट गरि आवश्यकताका आधारमा भैंसीको गोठ र बाख्राको खोर निर्माण गरिएको थियो । छनौट भएका व्यक्तिगत फर्महरु कालाशिल्ला बाख्रापालन फर्म सा. त्रि.-०७, अमिन भैंसी फर्म सा. त्रि.-०१ र काडेकोट भेडाबाख्रा पालन फर्म सा. त्रि.-०२ थिए।
- कर्णाली प्रदेश विशेष अनुदान (कृषि तथा पशु पकेट) तर्फको **व्यवसायिक पशुपन्छी पालन (गाई, बाख्रा, कुखुरा) कार्यक्रम** अन्तर्गत २ वटा व्यक्तिगत फर्म र एउटा सहकारी संस्था छनौट गरि बाख्रा वितरण गरिएको थियो । छनौट भएका व्यक्तिगत फर्महरु नवदुर्गा बाख्रापालन फर्म सा. त्रि.-०१ र त्रिवेणी देवकोटा भेडाबाख्रा पालन फर्म सा. त्रि.-०३ थिए भने सहकारीमा कुरिमस्टो कृषि सहकारी संस्था लिमिटेड सा.त्रि.-०५ छनौट भएको थियो। छनौट भएका प्रति फर्म/सहकारीलाई १० वटा स्थानीय जातको बाख्रा (१८-३० कि.ग्रा. जिउदो शारीरिक तौल वा १८ महिना उमेर पुगेको वा एक बेत ब्याएको) वितरण गरिएको थियो।
- समानीकरण तर्फको **पशुपन्छी उपचारात्मक सेवा कार्यक्रम** अन्तर्गत दुई चरणमा पशुपन्छीहरुको उपचारको लागि आवश्यक पर्ने विभिन्न प्रकारका औषधि खरिद गरिएको थियो।उक्त औषधि आवश्यकता अनुसार पशुपन्छी विकास शाखाबाट नियमित रुपमा वितरण तथा उपचार सेवामा प्रयोग भएको थियो।
- समानीकरण तर्फको **पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम** अन्तर्गत कार्यविधिले तोके बमोजिम प्रत्यक्ष रुपमा पशुपन्छी उपचारात्मक सेवा लिन नसकेका कृषकहरुको घरदैलोमा पुगेर पशु स्वास्थ्य शिबिर संचालन गर्ने उद्धेश्यले वडा न. १, ३ र ९ मा शिविर आयोजना गरिएको थियो।यस शिविरमा पशुपन्छीको उपचारको लागि आवश्यक औषधि र सप्लिमेन्ट वितरण गरिएको थियो जसबाट अनुमानित ४०० भन्दा बढी घरधुरी लाभान्वित भएका थिए।
- समानीकरण तर्फको **पशुपन्छी व्यवसाय सम्बन्धि तालिम संचालन कार्यक्रम** अन्तर्गत प्रत्येक वडाबाट २ जनाको दरले २० जना बाख्रापालन गर्ने कृषकहरुलाई ३ दिने व्यवसायिक बाख्रापालन तालिम संचालन गरिएको थियो। उक्त तालिममा कृषकहरुलाई व्यवसायिक बाख्रापालन सम्बन्धि विभिन्न ज्ञान तथा सीप विकास गराई व्यवसायीकरण तर्फ अभिप्रेरित गरिएको थियो।

### कृषि विकाश शाखा :

- बाली संरक्षण कार्यक्रमः- कृषि औजार उपकरण (हजारी,स्प्रेयर,जैविक विषादी,फेरोमेन ट्र्याप) वडा नं.१-९ सम्मका किसानको मागमा आधारित वितरण गरियो ।
- व्यवसायिक तरकारी खेती प्रर्द्धन कार्यक्रमः- ( काँक्रो ,फर्सी ,चौमासे सिमि,तनेबोडी,रायो,मुला बन्दा) व्यावसायिक कृषकको मागमा आधारित कृषकलाई वितरण गरियो।
- च्याउको खेति प्रवर्द्धन कार्यक्रममा कृषि शाखा ले सूचना प्रकाशित गरेर कृषकहरुको आवेदन संकलन गरि तीन वटा समूह छनोट गरि तालिम,वीउ,फर्मालीन,प्लाष्टिक थैला,) वितरण गरियो
- स्थलगत कृषक तालिमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. १ देखी ९ सम्म विभिन्न कृषक समूहमा हिउँदे फलफूलहरुमा तालिम तथा काँटछाँट सम्बन्धी स्थलगत तालिम संचालन गरियो।
- कागती र सुन्तला विरुवा वितरणः - सान्नीत्रिवेणी गाउँपालिका वडा नं. १ देखी ६ सम्मका विभिन्न कृषक समूह कृषि फर्म तथा अन्य कृषकहरुलाई कागती र सुन्तलाका विरुवा वितरण गरियो।
- राष्ट्रिय धान दिवस कार्यक्रमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ९ मुम्रामा अगुवा कृषकहरु जनप्रतिनिधीहरु तथा अन्य कर्मचारीहरुको उपस्थितीमा विभिन्न किसिमका कार्यक्रमहरु संचालन गरी राष्ट्रिय धान दिवस मनाइयो।
- औजार तथा उपकरण वितरण कार्यक्रमः- कृषि औजार उपकरण (हजारी,स्प्रेयर,जैविक विषादी,फेरोमेन ट्र्याप) वडा नं.१-९ सम्मका कृसानको मागमा आधारित वितरण गरियो ।

❖ प्रदेश  विशेस अनुदान तर्फ

- रैथाने बाली प्रवर्द्धन कार्यक्रमः- सान्नीत्रिवेणी गाउँपालिकाका वडा नं. ५ र ६ का तिन वटा कृषक समूहमा कृषकहरुको माग बमोजिम जैविक मल चिनो कागुनो फापर र सुपर ग्रिन ब्याग वितण गरियो।
- फलफूल तथा तरकारी बीउ वितरण कार्यक्रमः-  सान्नीत्रिवेणी गाउँपालिकाका वडा नं. १ देखी ९ सम्मका कृषकहरुको माग अनुसार विभिन्न तरकारी बाली बालीको बीउ वितरण गरियो।
- प्लाष्टिक टनेलः- सान्नीत्रिवेणी गाउँपालिका कृषि विकास शाखाको सूचना अनुसार आवेदन परेका कृषक समूह र कृषि फर्महरु मध्य छनोट भएका  वडा नं. ३ र ५ का कृषक समूहमा ५ वटा प्लाष्टिक टनेल निर्माण भएको।

- औषधी तथा तालिमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ३, ७ र ९ का छनोट भएका कृषक समूह तथा अन्य कृषकहरुलाई विभिन्न शिर्षकमा गाउँपालिका स्तरिय कृषक तालिम संचालन गरी जैविक विषादी वितरण गरियो।

❖ संघिय अनुदान तर्फः

- साना सिँचाई प्रवर्द्धन कार्यक्रमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ४ र ६ मा सिँचाई कुलो निर्माण गरी कार्यक्रम संचालन गरियो। यस बाट करिब ६० कृषक घरधुरी लाभान्वित भएका छन ।
- मकै बाली प्रवर्द्धन कार्यक्रमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. ५ र ८ मा क्षेत्र विस्तार कार्यक्रम अनुसार मकै बीउ त्रिपाल जैविक विषादी सुपरग्रेन व्याग र जैविक मलहरु वितरण गरि कार्यक्रम संचालन गरियो।
- किसान सूचिकरण कार्यक्रमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. १ देखी ९ सम्मका कृषकहरुको किसान सूचीकरण प्रणालीमा १७८९ जना कृषकको विवरण प्रमाणीकरण गरी कार्यक्रम संचालन गरियो।
- तथ्याङ्क संकलन कार्यक्रमः- सान्नीत्रिवेणी गाउँपालिका वडा नं. २ ,५, ६ ,८ र ९ मा जम्मा ५१७ जना कृषकहरुको तथायाङ्क प्रमाणीकरण गरियो।
- 

| क.स. | कार्यक्रमको शिर्षक | जम्मा बजेट | खर्च भएको बजेट | कैफियत |
|---|---|---|---|---|
| क. | समानीकरण तर्फ | | | |
| १. | बाली संरक्षण कार्यक्रम | १ लाख | | |
| २. | व्यवसायिक तरकारी खेती प्रर्द्धन कार्यक्रम | १ लाख | | |
| ३ | च्याउको खेति प्रवर्द्धन कार्यक्रः | ७०,हजार | | |
| ४ | स्थलगत कृषक तालिमः | ८०हजार | | |
| ५ | कागती र सुन्तला विरुवा वितरणः | १६५लाख पैंसठि हजार | | |
| ६ | राष्ट्रिय धान दिवस कार्यक्रमः | १३० लाख तीस हजार | | |
| ख. | प्रदेश विशेष अनुदान तर्फ | | | |
| १ | रैथाने बाली प्रवर्द्धन कार्यक्रमः | ३ लाख | | |

| | | | | |
|---|---|---|---|---|
| २ | फलफूल तथा तरकारी बीउ वितरण कार्यक्रम | ७ ५० लाख पचास हजार | | |
| ३ | प्लाष्टिक टनेल | ९५० नौ लाख पचास हजार | | |
| ४ | औषधी तथा तालिम | ५ लाख | | |
| ग. | संघिय अनुदान तर्फ | | | |
| १ | साना सिँचाई प्रवर्द्धन कार्यक्रम | ८ लाख | | |
| २ | मकै बाली प्रवर्द्धन कार्यक्रम | ७ लाख | | |
| ३ | किसान सूचिकरण कार्यक्रम | २ लाख | | |
| ४ | तथ्याङ्क संकलन कार्यक्रम | ३० हजार | | |

.

## महिला बालबालिका तथा जेष्ठनागरीक शाखा :

- ✓ लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत अन्तर मा.वि (छात्रा) वतृत्वकला प्रतियोगिता सम्पन्न भएको ।
- ✓ बालवालिका कार्यक्रम अन्तर्गत प्रत्यक माध्यमिक विद्यालयमा बाल विवाह तथा महिला हिंसा न्युनिकरण सम्बन्धि जनचेतनामूलक डकुमेन्ट्री सडक नाटक पर्दशनी कार्य सम्पन्न भएको ।
- ✓ एकिकृत घुम्ती शिविर संचालन गरी वडा नं २ परिचयपत्र वितरण गरिएको । ६,८ मा जम्मा ३० जनालाई अपाङ्ग

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण शाखा:

यस शाखाबाट प्रथम त्रैमासिकबा ३१२९ जनाको EFT बाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको ।

आ.ब.२०८२/८३

| क्र.सं. | समामाजिक सुरक्षा किसिम | प्रथम त्रैमासिक लाभग्राही संख्या |
|---|---|---|
| १ | अन्य जेष्ठ नागरिक | ६८१ |
| २ | जेष्ठ नागरिक क्षेत्र तोकीएका | ६५५ |

| | | |
|---|---|---|
| ३ | अन्य जेष्ठ नागरिक दलित | ३ |
| ४ | जेष्ठ नागरिक एकल महिला | ६१ |
| ५ | विधुवा | १८१ |
| ६ | क वर्ग फरक क्षमता भएका | ३७ |
| ७ | ख वर्ग फरक क्षमता भएका | ५६ |
| ८ | क्षेत्र तोकिएका बालबालिका | १४१० |
| ९ | दलित बालबालिका | ४५ |
| | जम्मा | ३१२९ |

## वडा नं १ (लुसा)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः १२

२. सम्पन्न भएका योजना संख्याः ११

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः ९

## वडा नं २(बुठिगे)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः ७

२. सम्पन्न भएका योजना संख्याः  ५

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः ५

५. भुक्तानी भएका योजना संख्याः ५

## वडा नं ३ लुईयाँटा

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः १४

२. सम्पन्न भएका योजना संख्याः ७

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः७

५. भुक्तानी भएका योजना संख्याः ७

## बडा नं ४ (उजेलगाउँ)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः २१

२. सम्पन्न भएका योजना संख्याः १२

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः १२

५. भुक्तानी भएका योजना संख्याः ११

## वडा नं ५ (डाडाँखेत)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः १४

२. सम्पन्न भएका योजना संख्याः १०

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः १०

५. भुक्तानी भएका योजना संख्याः १०

### वडा नं. ६ (मेहलमुडी)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः ११

२. सम्पन्न भएका योजना संख्याः १०

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः ९

५. भुक्तानी भएका योजना संख्याः ९

### वडा नं. ७ (किर्तिपुर)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्याः ६

२. सम्पन्न भएका योजना संख्याः ५

३. कार्य सञ्चालन भइरहेका योजना संख्याः ०

४. सम्झौता भएका योजना संख्याः ५

५. भुक्तानी भएका योजना संख्याः ५

### वडा नं.८(मुम्रा)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्या: ७

२. सम्पन्न भएका योजना संख्या: ६

३. कार्य सञ्चालन भइरहेका योजना संख्या: ०

४. सम्झौता भएका योजना संख्या: ५

५. भुक्तानी भएका योजना संख्या: ५

## वडा नं.९ (मुम्राचौर)

- वडागत सिलिङ्गका योजना

१. कुल योजनाको सङ्ख्या: ७

२. सम्पन्न भएका योजना संख्या: ७

३. कार्य सञ्चालन भइरहेका योजना संख्या: ०

४. सम्झौता भएका योजना संख्या: ७

५. भुक्तानी भएका योजना संख्या: ७

## गाउँपालिकाको पंजिकरण तर्फको वडागत विवरण

| क्र.सं. | वडा नं | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद | बसाई सराई (आएका परिवार) | बसाई सराई (गएका परिवार) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १ | ७२ | ४ | २० | ० | १ | १ | ९९ |
| २ | २ | ५८ | १३ | १४ | ० | १ | १ | ८६ |
| ३ | ३ | ९५ | ७ | १२ | २ | २ | ३ | ११८ |
| ४ | ४ | ८२ | १० | १७ | ० | २ | ३ | ११२ |
| ५ | ५ | ६९ | १० | १४ | ० | १ | ३ | ९४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ६ | १०६ | १९ | ३३ | ० | २ | ३ | १६१ |
| ७ | ७ | २७ | २ | ७ | ० | ० | ० | ३६ |
| ८ | ८ | ११२ | ७ | १५ | ० | ० | ५ | १३५ |
| ९ | ९ | ११४ | १६ | १५ | ० | १ | १ | १४७ |

राजश्व शाखा :

| क्र.सं. | शिर्षक | रकम |
|---|---|---|
| १ | सम्पत्ती कर | ० |
| २ | भुमिकर /मालपोत | ३,७५५.४७ |
| ३ | बहाल कर | ७६,८२१.०० |
| ४ | सवारी साधन कर | ० |
| ५ | अन्य मनोरञ्जन कर | ० |
| ६ | व्यवसायले भुक्तानी गर्ने | ० |
| ७ | कृषि तथा पशुजन्य वस्तुको कारोवार कर | ९,५००.०० |
| ८ | अन्य कर | २,०००.०० |
| ९ | रोयल्टी वा अन्य प्रशासनिक सेवा शुल्क | ९१,५००.०० |
| १० | कृषी उत्पादनको विक्रीबाट | ० |
| ११ | न्यायिक दस्तुर | २००.०० |
| १२ | परिक्षा शुल्क | १४,७००.०० |
| १३ | सिफारिस दस्तुर | २२,१००.०० |
| १४ | व्यात्किगत घटना दस्तुर | ९००.०० |
| १५ | नाता प्रमाणित | ३३०.०० |
| १६ | व्यावसाय रजिष्ट्रेशन | १,२५,५००.०० |

| | | |
|---|---|---|
| १७ | अन्य क्षेत्रको आय | २६,०००.०० |
| १८ | अन्य दस्तुर | ६१,६००.०० |
| १९ | जल स्रोत सम्बन्धी अन्य दस्तुर | १,०००.०० |
| २० | व्यवसाय कर | ५००.०० |
| २१ | वेरुजु | १,०८,०००.०० |
| २२ | दहत्तर वहत्तर शूल्क | ० |
| २३ | सरकारी घर, जग्गा, गुडवील बिक्रिबाट प्राप्त रकम | ५,०००.०० |
| २४ | प्रशासनिक दण्ड जरिवाना जफत | १५१.१९ |
| २५ | पुर्वाधार सेवामा उपभोगमा लाग्ने कर | ९०,०१५.०० |
| जम्मा | | ११५४५७.९२। |

## सान्नीत्रिवेणी गाउँपालिकाको कुल वडागत आन्तरिक राजश्व संकलनः

| क्र.सं. | वडा नं. | आन्तरिकल राजश्व संकलन |
|---|---|---|
| १ | १ | ६७,८६८.६० |
| २ | २ | ७३,०८०.२५ |
| ३ | ३ | ३५,०२८.०० |
| ४ | ४ | १,१७,६७०.६१ |
| ५ | ५ | ८३,५१८.०३ |
| ६ | ६ | २,३५,१७९.४८ |
| ७ | ७ | ७८,९१९.४२ |
| ८ | ८ | ७४,६६१.७४ |
| ९ | ९ | ७८,०७६.४९ |

आर्थिक शाखा :                                                                                    आम्दानी तर्फ :

| क्र.सं. | स्रोत | प्रतिशतको स्रोत | वार्षिक अनुमानित आय | आम्दानी | मौज्दात |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार | १३३११ समानिकरण अनुदान | ९,००,००,००० | ८,३१,२८,०५० | |
| २ | संघीय सरकार | १३३१२ शसर्त अनुदान चालु | १७,४३,७५००० | १५,६५,२१५३७.२२ | |
| ३ | संघीय सरकार | १३३१३ शसर्त अनुदान पुजिगत | ८५००००० | ५८४०३००० | |
| ४ | संघीय सरकार | १३३१३ शसर्त अनुदान पुजिगत | - | - | |
| ५ | संघीय सरकार | १३३१७ समपुरक अनुदान पुजिगत | १४०००००० | १४०००००० | |
| ६ | राजश्व बाँडफाँड(संघीय सरकार) | ११४११ बाँडफाँड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ८४८००००० | ८२४७२०००० | |
| ७ | प्रदेश सरकार | १३३११ समानिकरण अनुदान | ११६०३००० | ११६०३००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | प्रदेश सरकार | १३३१२ शसर्त अनुदान चालु | ७६१००० | ६५८५०० | |
| ९ | प्रदेश सरकार | १३३१३ शसर्त अनुदान पुजिगत | १९००००० | १३२८१८१६ | |
| १० | प्रदेश सरकार | १३३१७ समपुरक अनुदान पुजिगत | - | - | |
| ११ | प्रदेश सरकार | ११४५६ बाँफाँडबाट प्राप्त हुने सवारी साधन कर | १२७२००० | ९,२१००० | |
| १२ | आन्तरिक राजश्व | ३२१२१ नगद | ५०००००० | १०७७५४९९ | |
| १३ | आन्तरिक राजश्व | ३२१२२ बैंक मौज्दात | | ४४८२७८०४ | ४४८२७८०४ |
| १४ | स्थानीय तह | १३३११ नगद अनुदान | - | - | |

## वडा तर्फः

| वडा नं. | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | ३१,४२,००० | २३,२९,००० | ७४.१४ |

| | | | |
|---|---|---|---|
| २ | २७,४२,००० | १९,२२,००० | ७०.१ |
| ३ | २७,४२,००० | १५०६००० | ५४.९४ |
| ४ | ३०४२००० | २२१२००० | ७२.७२ |
| ५ | २७४२००० | १९७९००० | ७२.१७ |
| ६ | २७६०००० | २६९१००० | ९७.५१ |
| ७ | २४,८६००० | २०५१००० | ८२.५२ |
| ८ | २५४२००० | १८३२००० | ७२.०६ |
| ९ | ३१४२००० | १७६०००० | ८७.८५ |
| | | | |

संघ प्रदेश तथा गाउँपालिका कृषि शिक्षा स्वास्थ्य शाखाको बजेट खर्चको विवरणः

| विवरण | चालु तर्फको प्रतिशत | पुजिगत तर्फको प्रतिशत | जम्मा खर्च प्रतिशत |
|---|---|---|---|
| संघीय सरकार तर्फ | | | |
| प्रदेश सरकार तर्फ | | | |
| गाउँपालिका तर्फ | | | |
| गाउँपालिका कृर्षि तर्फ | | | |
| गाउँपालिका शिक्षा तर्फ | | | |
| गाउँपालिका स्वास्थ्य तर्फ | | | |

अन्त्यमा :

सान्नीत्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष मार्गदर्शन तथा सहयोग गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, उपाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सभा सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवी सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, पत्रकार लगाएत सम्पुर्णमा हार्दिक आभार प्रकट गर्दछु । गाउँपालिकाको चौमासिक कार्य प्रगतिले राष्ट्रसेवक कर्मचारी तथा जन निर्वाचित दुवैलाई थप विकास निर्माणमा मार्गदर्शन प्राप्त हुने लक्ष्य राखि यस कार्यालाई निरन्तरता हुने प्रयासमा सबै सरोकारवालहरुको सकारात्मक सहयोग र सदभाव प्राप्त हुने अपेक्षा लिएको छु ।

प्रेम बहादुर बडुवाल प्रमुख प्रशासकीय अधिकृत

SANNITRIBENI  RURAL MUNICIPALITY




स्थानीय सरकार
सान्नीत्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी , कालिकोट
कर्णाली प्रदेश , नेपाल
सान्नीत्रिवेणी गाउँपालिका




**प्रतिवेदन तयार गर्नेको नामः**

नामः प्रकाश कुमार के.सी

पदः प्रशासन शाखा प्रमुख

मितिः २०८३/०३/२७

**प्रतिवेदन स्विकृत गर्नेः**

नाम, थरः प्रेम बहादुर बडुवाल

पदः प्रमुख प्रशासकीय अधिकृत